निर्वचन आयोग, नेपाल

स्थानीय तह सदस्य निर्वाचन, २०७९

# निर्वाचन अधिकृतको कार्यालय

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुर, बारा, मधेश प्रदेश, नेपाल

प.सं. ०७८/०७९

च.नं. ३२

(ढ) कुनै पनि उम्मेदवारले आफ्नो कार्यालय बाहेक स्थानमा झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स र ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामाग्री बजाउन र श्रब्यदृश्य सामाग्रीहरु प्रदर्शन गर्न नहुने,

(ण) अनलाइन वेब पेज, टिभी स्क्रोलिङ्ग, सपिङ् मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचार प्रसार गर्न वा गराउन नहुने,

(त) दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने,

(थ) कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, टाँगा, ठेलगाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचार प्रसा गराउन नहुने,

(द) ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा अपाङ्गता भएका व्यक्तिहरुको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै किसिमका प्रचारप्रसार गर्न वा गराउन नहुने,

(ध) कुनै पनि धर्मको नाममा प्रचारप्रसार गर्न वा गराउन नहुने,

(न) उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने,

(प) कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचारप्रसार गर्न वा मत माग्न नहुने ।

(टिकामणी नेउपाने)
निर्वाचन अधिकृत

निर्वाचन आयोग, नेपाल
स्थानीय तह सदस्य निर्वाचन, २०७९

# निर्वाचन अधिकृतको कार्यालय

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा, मधेश प्रदेश, नेपाल

प.सं. ०७८/०७९
च.नं. ३२

(ङ) कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलु, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने,

(च) एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने,

(छ) प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामाग्री लिई जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलामा प्रदर्शन वा प्रयोग गर्न नहुने,

(ज) घर वा जग्गा धनीको अनुमति नलिई कसैको निजी घर वा जग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उन, सार्वजनिक भवन सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने,

(झ) कुनै क्लब, सामाजिक संस्था, धार्मिक संस्था, आम समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्थालाई नगद वा जिन्सी वितरण गर्ने अनुदान वा आर्थिक सहायता, चन्दा, पुरस्कार दिन वा दिने घोषणा गर्न नहुने,

(ञ) जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा प्रचार प्रसारका कार्यक्रम गर्दा बिहान आठ बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नु पर्ने,

(ट) निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा अठार वर्ष उमेर पूरा नभएका बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

(ठ) निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा तीनसय वर्ग इन्चसम्म आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने,

(ड) उम्मेदवारको कार्यालयमा तुल (कपडा) मा बनाईएको ३x३ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स, गलुसाइन बोर्ड, श्रब्य सामाग्री बजाउन र श्रब्यदृश्य सामाग्रीहरु प्रदर्शन गर्न नहुने,

(टिकामणी न्यौपाने)
...अधिकृत

निर्वाचन आयोग, नेपाल

स्थानीय तह सदस्य निर्वाचन, २०७९

# निर्वाचन अधिकृतको कार्यालय

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

जीतपुरसिमरा उपमहानगरपालिका

जीतपुर, बारा, मधेश प्रदेश, नेपाल

प.सं. ०७८/०७९

च.नं. ३२

मितिः २०७९।०१।१८

विषयः निर्वाचन आचारसंहिता २०७८ को कार्यन्वयन गर्ने सम्बन्धमा ।

श्री राजनीतिक दलका प्रमुख ज्यूहरु,

प्रस्तुत विषयमा जिल्ला बारा जीतपुरसिमरा उपमहानगरपालिका सदस्य निर्वाचन २०७९ का लागि उम्मेदवारी दर्ता गर्नु भएका दलहरु तथा उम्मेदवारहरु सबै मूलत देहायका विषयका अतिरिक्त निर्वाचन आचारसंहिता २०७८ मा उल्लेखित सम्पूर्ण विषयको पूर्ण रुपमा पालना गरि स्वच्छ, निष्पक्ष र भयरहित वातावरण सम्पन्न गर्नमा पूर्ण प्रतिबद्धताको अपेक्षा निर्वाचन अधिकृतको कार्यालय गर्दछ । आचारसंहिताको प्रभावकारी कार्यन्वयन गर्न गराउन सबैमा अनुरोध छ ।

तपशिल

१. जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्दा पालना गर्नुपर्ने आचरणः

राजनीतिक दल, उम्मेदवार तथा दलको भातृ सङ्गठनले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला एवम् निर्वाचन प्रचार प्रसार सम्बन्धी कार्य गर्दा देहायका आचरण पालना गर्नु पर्नेछ ।

(क) जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने र कसैको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने,

(ख) सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्न नहुने,

(ग) जुलुस, आमसभा, कोणसभा, बैठक एवम् भेला गर्नु अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा बहत्तर घण्टा अगावै जानकारी गराउनु पर्ने,

(घ) जुलुस वा आमसभामा भाग लिने वा प्रचार प्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने,

तर उम्मेदवारले A4 साइजको कागजमा आफ्नो व्यक्ति पहिचान (बायोडाटा) को विवरण खुलाई वितरण गर्न बाधा पर्ने छैन ।

(... मैनपाने)